# संचारिका
## फिचर सेवा

वर्ष १३, अङ्क ९ मंसिर/पुस December 2011

नेपालमा लैङ्गिक हिंसा सदियौँदेखि कायम छ। सामान्यतया लैङ्गिक हिंसा भन्नाले लिङ्गको आधारमा हुने हिंसालाई बुझाउँछ। नेपालमा पुरुषभन्दा महिला भएकै कारणले हुने हिंसाको मात्रा अत्यधिक भएका कारणले यहाँ लैङ्गिक हिंसाको कुरा गर्दा महिलामाथिको हिंसाको रूपमा लिने र बुझ्ने गरिएको छ। लैङ्गिक आधारमा हुने हिंसाको सबैभन्दा पुरानो स्वरूप घरेलु हिंसालाई मानिन्छ र घरेलु हिंसाका पनि अनेक रूपहरू छन्। नेपालमा लैङ्गिक हिंसाको न्यूनीकरणका लागि प्रयासको थालनी चन्द्रशमशेरका पालामा (सन् १९२०) सतीप्रथाको उन्मूलनबाट भएको थियो भन्न सकिन्छ। त्यसपछिका दिनहरूमा हिंसाका बदलिँदा स्वरूपसँगै लैङ्गिक हिंसाका विरुद्ध विभिन्न सामाजिक अभियान तथा कानुनी प्रयासहरू जारी छन्।

महिला र सञ्चारको क्षेत्रमा कार्यरत सञ्चारिका समूहले आफ्नो स्थापनाकालदेखि नै लैङ्गिक हिंसाविरुद्धको अभियानलाई महत्वका साथ अगाडि बढाइरहेको छ। यो फिचर सेवा यस अभियानको एउटा हिस्सा हो।

**महिलाको इतिहास मूलतः मौनताको इतिहास हो। हाम्रा धेरै आमा, हज़ुरआमाले आफ्माथि भएका अन्यायलाई चुपचाप सहे, हामी यसलाई तोडौँ !!**

# सङ्क्रमित महिला : जीवन सहज छैन

**एचआईभी सङ्क्रमित हुनासाथ आत्मा गलेको ठान्नेहरू उनै सुब्बाको एक दशकदेखिको अदम्य साहसकै भरमा ठिङ्ग उभिने भइसकेका छन् । तर पनि जानेर अथवा नजानी श्रीमान्लाई रगत परीक्षण गर भन्ने साहस गर्न नसक्दा एचआईभी सङ्क्रमित महिलाको सङ्ख्या थपिदै गएको छ ।**

✍ **विनोद ढकाल**

समाज परिवर्तनका क्रममा एचआईभी/एड्सविरुद्ध विभिन्न कार्यक्रम भएका छन् । जसबारे पर्याप्त जानकारी सार्वजनिक पनि भइरहेका छन् । तर, कतिपय अवस्थामा मानिस वास्तविकता बुझेर पनि एचआईभी/एड्स भएकाहरूप्रति अझै सकारात्मक हुन सकेका छैनन् । प्रत्यक्ष वा परोक्ष रूपमा समाजमा सङ्क्रमितप्रति हिंसा भइरहेको छ र हिंसाकै बीचमा बाँचिरहेका छन् पूर्वका विभिन्न ठाउँमा रहेका एचआईभी/एड्स सङ्क्रमित महिला । जो अहिले परिवर्तनका लागि जुटेका छन् ।

'त्यतिखेर मेरो सानो छोरा दुई महिनाको मात्र थियो । श्रीमान्, म र छोरा, हामी तीनैजनाको रगतमा एचआईभी पोजेटिभ देखिँदा नानीलाई विष ख्वाएर मारूम् अनि आफू पनि मरूम् जस्तो लाग्थ्यो मलाई,' सङ्क्रमित महिला प्रीति सुब्बाले भनिन्, 'आफैंभित्र ग्लानि र रिस उठेर आउने गरेको थियो । मारूँ र मरूम् भन्ने सोचको विकास भइसकेको थियो । अहिलेसम्म बाँचिरहेकी छु ।'

हिंसा अरूले मात्र होइन, आफैंले आफैंमा पनि हुन सक्छ वा गर्न सकिन्छ भन्ने उदाहरण सुब्बाले दिएकी छिन् । तर, समाजका अरूले दिएको मानसिक यातनालाई सहन नसकेर उनलाई यस्तो लागेको हो । भारत बसेर एचआईभी सङ्क्रमित भई फर्किएका व्यक्तिसँगको विवाहपछि आफू र बच्चासमेत सङ्क्रमित भएको थाहा पाउँदा जीवनको अन्त्य मात्र समाधानको उपायझैं देखेकी ताप्लेजुङकी सुब्बाले विगत सम्झिँदै भनिन्, 'श्रीमान्को मृत्युअघिसम्म एचआईभी र एड्स के हो र कसरी सर्छ भन्ने थाहा थिएन । पहिला त मरिन्छ भन्नेबाहेक अरू केही थाहा थिएन, बाँचौं र बचाऔं भन्ने पनि लाग्दैनथ्यो । तर, अहिले सबै प्रकारका सामाजिक अवहेलनालाई पन्छाउँदै बाँच्न सिकेकी छु ।'

एड्सकै कारण उनका श्रीमान्को बिरामीका अनेक लक्षण देखापरेर मृत्यु भयो । एचआईभी र एड्सको कुनै उपचार छैन भन्ने मात्र थाहा पाएकी सुब्बालाई अब जीवन सकियो भन्ने लागेको थियो । तर, इटहरीकी सामाजिक अभियानकर्मी सीतासन्ध्या राईको हौसलाले जीवन अलि सहजझैं बनायो । उनले एक खुलामञ्चमा पूर्वाञ्चलकै पहिलो एचआईभी सङ्क्रमित महिला हुँ भन्ने साहस गरिन् । यो साहसका दुई पाटा थिए, सामाजिक यातना सहेर जीवनको अन्त्य गर्ने र सामाजिक यातनासँग लडेर जीवनलाई निरन्तरता दिने । उनले जीवनलाई निरन्तरता दिइन् । सामाजिक यातना धेरै खेपेकी उनी भन्छिन्, 'मैलै सङ्क्रमित महिला भएर सार्वजनिक हुँदा एचआईभी र एड्सको विषयमा समाज अहिलेजत्तिको चेतनशील थिएन ।' एचआईभी सङ्क्रमितप्रति भेदभाव र लाञ्छना लगाउने त्यतिबेलाको समाजमा सार्वजनिक हुने साहस गरेकी उनलाई विवाहअघि नै एचआईभी र एड्सका विषयमा जानकारी नपाएकोमा भने घरिघरि पश्चात्ताप लाग्ने गर्छ । 'त्यसबेला एचआईभी र एड्सका विषयमा थाहा भएको भए विवाहअघि श्रीमान्लाई रगत परीक्षण गर भन्ने साहस गर्ने थिएँ होला कि ?'

सङ्क्रमित भएपछि १४ वर्ष फरक जीवनको महसुस गर्दै गर्दा हजारौं सङ्क्रमित महिलाले उनको जीवनबाट साहसको कुरा सिकेका छन् । सङ्क्रमित भएर पनि सार्वजनिक हुन कुनै महिलाले आँट नगर्दै उनले ताप्लेजुङबाट इटहरी बसाइँ सरी 'प्रयास महिला समूह' गठन गरी सङ्क्रमित महिलालाई नयाँ जीवन जिउन

सिकाउन थालेकी थिइन् । एचआईभी सङ्क्रमित हुनासाथ आत्मा गलेको ठान्नेहरू उनै सुब्बाको एक दशकदेखिको अदम्य साहसकै भरमा ठिङ्ग उभिने भइसकेका छन् । तर पनि जानेर अथवा नजानी श्रीमान्लाई रगत परीक्षण गर भन्ने साहस गर्न नसक्दा एचआईभी सङ्क्रमित महिलाको सङ्ख्या थपिँदै गएको छ ।

'परिवारबाट भएको हिंसाको कुरा गर्दा जीवन जिउनुको कुनै अर्थ छैनजस्तो लाग्छ,' सङ्क्रमित महिला ललिता पाण्डे (नाम परिवर्तन) भन्छिन्, 'यही विषयमा परिवारसँगको सम्बन्ध पनि लगभग चुँडिएको थियो । तर पनि बाँचेर अरूका लागि सन्देश दिन सक्नु मेरो कर्तव्य ठानेर बाँचिरहेकी छु ।' समाज चेतनशील भएकाले अहिले शारीरिक यातना कम भएको ठान्छिन् उनी । तर, समाज जति चेतनशील हुँदै गएको छ मानसिक यातना दिन उत्ति नै उद्यत् देखिएको अनुभव उनीसँग छ । 'गाउँ निकाला गरेको, परिवारमै यातना दिएको सुनिएको थियो । त्यस्तो डर पनि लाग्थ्यो । समाज चेतनशील भएकाले शारीरिक यातना नै खेप्नुपरेन । तर, शारीरिकभन्दा मानसिक यातना भयङ्कर हुँदोरहेछ । जसलाई मैले बारम्बार छिचोल्नु परिरहेको छ,' उनी भन्छिन् ।

धन कमाउन भारत गएर फर्किएका श्रीमान्ले ल्याएको एचआईभी आफूमा सर्दा अनिता गौतमले पनि सुरुमा अरूले झैं जीवनको अन्त्य देखेकी थिइन् । तर, एचआईभी सङ्क्रमित भएर निराश जीवन बिताइरहेका महिलामा ऊर्जा थप्दै पूर्वाञ्चलकी पहिलो एचआईभी सङ्क्रमित महिला हुँ भन्ने उद्घोष गर्ने उनै प्रीति सुब्बाको साथले गौतम पनि अहिले एचआईभी सङ्क्रमित महिलाको दरो खम्बा बनिसकेकी छिन् । आफू एचआईभी सङ्क्रमित भएर पनि अरूको साहस बनी उभिएका सुब्बा, गौतमजस्ता मजबुत स्तम्भ हुँदाहुँदै पनि आममहिलाले साहस देखाउन नसक्दा एचआईभी सङ्क्रमित हुने महिलाको सङ्ख्या थपिँदै गएको छ । नेपालमा विशेषगरी गृहिणी महिला एचआईभी सङ्क्रमणको उच्च जोखिममा छन् । यी महिला नै बढी सामाजिक, पारिवारिक हिंसाको चपेटामा पनि छन् ।

एचआईभी सङ्क्रमित महिला राष्ट्रिय महासङ्घको तथ्याङ्कअनुसार नेपालमा एचआईभी सङ्क्रमितमध्ये ३४ प्रतिशत महिला छन् । १४ हजार तीन सय २० एचआईभी सङ्क्रमितमध्ये महिलाको सङ्ख्या चार हजार नौ सय दुई छ, जसमा ७२ प्रतिशत गृहिणी छन् । यसरी एचआईभी सङ्क्रमित भएका अधिकांश महिलामा वैदेशिक रोजगारबाट फर्किएका र सुईद्वारा लागूऔषध प्रयोग गर्ने श्रीमान्बाट सङ्क्रमण फैलिएको छ । 'बिदेसिएका श्रीमान्हरूका कारण महिला सङ्क्रमणमा परेका छन् । सङ्क्रमणमा पर्नु नै महिलाका लागि ठूलो मानसिक यातना हो । लामो समय बिदेसिएर घर फर्किएकाहरूको रगत जाँच गराउनु अनिवार्य हुन्छ । त्यसका लागि पनि सामाजिक र पारिवारिक चेतनाको खाँचो छ,' सुब्बा भन्छिन् । यसप्रकारको जोखिमबाट बच्नका लागि महिलामा सचेतता जरुरी छ ।

*साभार : संचारिका फिचर सेवा*

*(लेखक राजधानी अन्तर्राष्ट्रिय साप्ताहिकका समाचार संयोजक हुन्)*

# ज्यान गुमाउँदैछन् सुत्केरी र गर्भवतीहरू

**स्यालाखदीमा कार्यरत मातृ शिशु कार्यकर्ता सपना मल्लका अनुसार महिनामा करिब एक दर्जन महिलाले स्यालाखदी र गोतामकोट गाविसमा मात्र अकालमा ज्यान गुमाएका छन् ।**

**✍ कृष्णप्रसाद गौतम**

रुकुमको दुर्गम राङ्सी गाविस- ४ की २६ वर्षीया देउरूपा कामीले अत्यधिक रक्तश्रापका कारण मङ्सिर दोस्रो साता ज्यान गुमाइन् । जिल्ला स्वास्थ्य कार्यालयका अनुसार दुई दिनअघि बच्चा जन्माएकी देउरूपाको अत्यधिक रक्तश्राप भई मृत्यु भएको हो । देउरूपाले गाउँनजिकैको

जङ्गलमा बच्चा जन्माएकी थिइन्। जङ्गलमा बच्चा जन्माएकाले तत्काल स्याहारसुसारको अभावमा रगत बढी बगेको स्थानीयको भनाइ छ। 'रातभरि रगत बगेको-बग्यै भयो,' देउरूपाका पति हरिशंकरले भने, 'उपचारका लागि रुकुमकोटस्थित स्वास्थ्यचौकीमा लाँदै गर्दा बाटैमा मृत्यु भयो।' नजिकै स्वास्थ्यचौकी नभएका कारण उपचार पाउन नसकेको उनले बताए।

त्यस्तै भलाक्चा- ९ की २३ वर्षीया तोला विकको पनि मङ्सिर पहिलो साता बच्चा जन्माउन नसक्दा मृत्यु भयो। तीन दिनसम्म सुत्केरी बेथाले थलापरेकी उनको पेटमा उल्टो बच्चा भएकाले समस्या भएको थियो। स्थानीय शिक्षक अमर पुनका अनुसार उपचारका लागि जिल्ला अस्पताल सल्ले लैजाँदै गर्दा बाटैमा उनको मृत्यु भएको थियो। 'बिरामी भएदेखि लगातार तीन दिनसम्म अत्यधिक रक्तश्राव भएको थियो,' उनले भने, 'बिरामीलाई घरमै घरेलु उपचार गर्दागर्दै अवस्था गम्भीर भएको हो।' उनका अनुसार अस्पताल पुग्नुभन्दा पन्ध्र मिनेटअगाडि सुत्केरीको मृत्यु भएको थियो।

रुकुममा एक महिनायता उपचार नपाएर तीन सुत्केरी महिलाको मृत्यु भएको छ। जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डा. विनोद गिरीले सुत्केरी हुने महिलालाई सामान्य अवस्थामा नल्याएर जटिल अवस्थामा मात्र स्वास्थ्य संस्थामा उपचारका लागि ल्याउने गरेकाले महिनामा करिब तीनदेखि सातजना महिलाको मृत्यु हुने गरेको बताए। जिल्ला स्वास्थ्य कार्यालयका अनुसार, एक महिनाको अवधिमा राङ्सीमा एक, भलाक्चामा एक र स्यालाखदीमा एक महिलाको ज्यान गएको छ। सुत्केरी अवस्थामा सबैभन्दा बढी रक्तश्राव र बच्चा उल्टो अवस्थामा रहने गरेकाले ज्यान जाने गरेको छ।

स्वास्थ्यचौकीसम्म लैजान यातायातको सुविधा नहुनु, चेतनाको अभाव, गर्भवती महिलाको स्वास्थ्यप्रति चासो नहुनु, घरपरिवार समभ्रुदार नहुनुजस्ता कारणले सुत्केरी र गर्भवतीको ज्यान जाने गरेको जिल्ला अस्पतालकी स्टाफ नर्स हृदय पौडेलले बताइन्। उनले अस्पतालमा ल्याएपछि कमै सुत्केरीको ज्यान जाने गरेको बताइन्। सुत्केरी अवस्थामा जिल्लामा उपचार नपाएर ज्यान गुमाउनेको सङ्ख्या बढिरहेको स्वास्थ्य क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूको तथ्याङ्क छ। गर्भवती अवस्थामा स्याहारसुसार नपाउँदा पनि महिलालाई सुत्केरी अवस्थामा जोखिम बढेको छ। रुकुम सदरमुकाम आसपासका गाविसमा सुरक्षित तरिकाले सुत्केरी गराउने गरेको भए पनि दुर्गम गाउँहरूमा स्थिति दयनीय भएको स्वास्थ्य क्षेत्रमा क्रियाशील संस्था कार्ड नेपालका कार्यक्रम संयोजक विष्णु शर्मा बताउँछन्। कार्ड नेपालले एक वर्षदेखि जिल्लाका ४३ वटै गाविसमा गरेको अध्ययनका आधारमा वर्षमा करिब एक सय सुत्केरी महिला र ७१ जना नवजात शिशुले ज्यान गुमाइरहेका छन्। सुरक्षित मातृत्व महासङ्घ रुकुमले गरेको अध्ययनअनुसार अघिल्ला दुई वर्षमा सरदर ७५ महिलाले उपचारको अभावमा सुत्केरी अवस्थामा ज्यान गुमाइरहेका छन्। महासङ्घका जिल्ला अध्यक्ष यज्ञ विष्टले ०६५ सालमा सुत्केरी अवस्थामा घरेलु उपचार र धामीभ्राँक्रीको भर पर्दा र सुरक्षित तरिकाले प्रसूति नगराउँदा ८१ महिलाले ज्यान गुमाएको बताए। विष्टका अनुसार संस्थाले ०६६ सालमा गरेको एक अध्ययनअनुसार ७४ गर्भवती महिला र सुत्केरी महिलाले उपचार अभावमा ज्यान गुमाएका छन्।

मातृ मृत्युदर मात्रै होइन रुकुममा बाल मृत्युदर पनि घट्न सकेको छैन। स्यालाखदीमा कार्यरत मातृ शिशु कार्यकर्ता सपना मल्लका अनुसार महिनामा करिब एक दर्जन महिलाले स्यालाखदी र गोतामकोट गाविसमा मात्र अकालमा ज्यान गुमाएका छन्। घरपरिवारले समेत गर्भवतीलाई ठूलो काममा लगाउने, गह्रौं भारी बोक्न लगाउने र स्याहारसुसारमा ध्यान नदिँदा समस्या आउने गरेको उनको भनाइ छ।

जिल्ला स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक शिवनारायण रजकले सकेसम्म महिला अस्पताल र स्वास्थ्य संस्थाहरूमा बच्चा जन्माउन नजाने बताए। यातायातका साधनको पहुँच नहुँदा र धेरैजसोले लाज र धकका कारण अस्पताल र स्वास्थ्यचौकीमा भन्दा घरमै बच्चा जन्माउने गरेको उनले बताए। सरकारले अस्पतालमा सुत्केरी गराउन आउने सुत्केरीलाई प्रोत्साहन भत्ताबापत एक हजार रुपैयाँ यातायात खर्चको व्यवस्था गरे पनि सूचनाको पहुँच नपुग्दा समस्या भइरहेको पनि उनले बताए।

स्थानीयहरूका अनुसार सिम्ली- ५ की रिता खत्री कात्तिकको दोस्रो साता नजिकैको सिम्ली स्वास्थ्यचौकीमा जान मानिनन्। बच्चा जन्माउन गाह्रो भएपछि गाउँलेले बोकेर दुई घण्टा टाढा

रहेको सिम्ली स्वास्थ्यचौकीमा लाने तयारी गर्दा उनी मानिनन् जसका कारण दुई दिनपछि बच्चा जन्माउन नसकी उनको मृत्यु भयो। स्वास्थ्यचौकी जाने कुरामा उनले 'लाज हुन्छ, म त जान्नँ' भनेकी थिइन्। रिताजस्ता धेरै आमा अझै पनि अस्पतालमा बच्चा जन्माउन मान्दैनन्। रुकुमका विकट गाविसका महिला पुरानै परम्पराअनुसार सुत्केरी हुन मन पराउँछन्।

बाफिकोट- ९ की धनसरा खत्री आफ्ना पाँचजना बच्चा गाईगोठमै जन्माएको बताउँछिन्। उनका अनुसार गाउँका महिलालाई सुत्केरी बेथा लाग्नेबित्तिकै गोठमा लगेर भऱ्याङमा डोरी बाँधेर समाउन लगाइन्छ। यसो गर्दा बच्चा छिटो जन्मने र बच्चा जन्माउन सजिलो हुने धारणा रहेको छ।

अधिकांश मानिसलाई फोहोर ठाउँमा बच्चा जन्माउँदा आइपर्ने समस्याबारे थाहा छैन। अरूको त के कुरा कतिपय महिला स्वयम्सेविकासमेत अन्य महिलाझैं घरमै सुत्केरी हुन्छन्। बाँफिकोटकी महिला स्वयम्सेविका सुशीला ओलीसमेत चार सन्तानको जन्म गाईगोठमै भएको बताउँछिन्। उनी भन्छिन्, 'थाहा भएर पनि व्यवहारमा उतार्न गाह्रो हुँदोरहेछ।' महिलाले घरमै बच्चा जन्माउने गरेका कारण कतिपय नवजात शिशुको ज्यान जाने गरेको छ। जिल्लामा शिशु मृत्युदर नौ प्रतिशत रहेको जिल्ला स्वास्थ्य कार्यालयको तथ्याङ्क छ।

यता जिल्ला स्वास्थ्य कार्यालयले भने अस्पताल र स्वास्थ्यचौकीहरूमा सुरक्षित तरिकाले सुत्केरी हुन आउने महिलाको सङ्ख्या बढिरहेको जनाएको छ। आमा सुरक्षा कार्यक्रमअन्तर्गत जिल्ला अस्पताल, चौरजहारी अस्पताल तथा आठवटा स्वास्थ्यचौकीमा सुत्केरी हुन आउनेलाई यातायात खर्चबापत एक हजार रुपैयाँ दिइने गरेपछि स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने महिला बढेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डा. विनोद गिरी बताउँछन्। गिरीका अनुसार अघिल्लो वर्ष जिल्लाभरिका स्वास्थ्य संस्थामा पाँच सय सात महिला सुत्केरी भएकोमा यस वर्ष आठ सय ७२ महिला सुरक्षित तरिकाले स्वास्थ्य संस्थामा सुत्केरी भएका छन्।

जिल्ला स्वास्थ्य कार्यालयका अनुसार स्वास्थ्यचौकीहरू बाफिकोट, सिम्रुतु, आठबीसकोट, महत, रुकुमकोट र मुसीकोट, कोल तथा कोटजहारी प्राथमिक उपचार केन्द्र र जिल्ला अस्पताल तथा चौरजहारी मिसन अस्पतालमा सुरक्षित सुत्केरी सेवा उपलब्ध छ। हालसम्म चार हजार एक सयजनाले स्वास्थ्यचौकी र अस्पतालमा प्रसूति सेवा पाएका छन्। सबै स्वास्थ्यचौकीमा पर्याप्त शय्या नहुनु र प्रसूतिका लागि आवश्यक पूर्वाधार नहुनुले पनि समस्या भएको स्वास्थ्यकर्मीको भनाइ छ।

नेपाली सेनाको मुसीकोट-बुर्तिबाङ सडक निर्माणकार्य गणले रुकुमकोटको खोपीचौरमा दुई वर्षअघि बनाएको प्रसूतिगृह सुत्केरी महिला आउन छाडेकाले बन्द हुने अवस्थामा पुगेको छ। स्थानीय महिलालाई गाउँमा पुरानै तरिकाले सुत्केरी गराउने गरिएकाले प्रसूतिगृह अलपत्र परेको हो। गणले स्थानीयलाई व्यवस्थापनको जिम्मा दिए पनि घरमै सुत्केरी हुने महिलाको सङ्ख्या बढी छ। 'अस्पतालमा सुत्केरी हुँदा आमा तथा बच्चाको मृत्युदर केही मात्रामा घटेको छ,' डा. गिरीले भने, 'तर दुर्गमका गाविसमा जनचेतनाको कमीले अधिकांश महिला घरमै सुत्केरी हुने गरेका छन्, जसका कारण मातृ तथा शिशु मृत्युदर सरकारी लक्ष्यअनुसार घट्न सकेको छैन।'

*साभार : संचारिका फिचर सेवा*

*(कृष्ण कान्तिपुर दैनिकका रुकुमस्थित संवाददाता हुन्)*

# रोकिएन तराईमा महिला हिंसा

**सार्वजनिक भएका हिंसाका घटना सहमतिमा मिलाइएपछि घटना सार्वजनिक गरेको निहु‘‘मा पुनः पीडितमाथि हिंसा हुने गरेको पनि अधिकारकर्मीहरूले बताएका छन् । जिल्ला प्रहरी कार्यालय धनुषामा पनि पहिले मिलेर गएका घटनाका पीडितहरू पुनः आफूमाथि हिंसा सुरु भएको भन्दै न्यायका लागि आउने गरेका छन् ।**

✍ **अञ्जु न्यौपाने**

धनुषाकी जानुका देवीमाथि श्रीमान् बिदेसिएको एक वर्ष नबित्दै छिमेकीसँग अनैतिक सम्बन्ध राखेको आरोपमा परिवारका सदस्यबाटै शारीरिक तथा मानसिक यातना सुरु भयो । छिमेकीसँग बोल्दा मात्र पनि अनैतिक सम्बन्ध राखेको आरोप लाग्यो उनीमाथि । सासू, ससुरा र देवरबाट दिनहुँ दुर्व्यवहार सहनु उनको दैनिकी नै बन्यो । ‘दिनैजसो कुटपिट सहन नसकेपछि न्यायका लागि प्रहरी कार्यालयमा आउन बाध्य भएँ,’ उनले भनिन् । जानुकाको पीडा धनुषामा मात्र नभई तराई क्षेत्रकै महिलाको साझा पीडा हो ।

तराईका महिला विभिन्न प्रकृतिका हिंसाबाट प्रताडित हुँदै आएका छन् । धनुषा

रवनाथपुरकी शोभादेवीले बोक्सीको आरोपमा आफूमाथि भएको कुटपिट र अमानवीय व्यवहारको सामना गर्न नसकेपछि गाउँ नै छाड्न बाध्य हुनुपर्‍यो । ‘गाउँमा कसैको भैंसी बिरामी परोस् वा केटकेटीलाई बिसन्चो होस् सबै दोष मैमाथि आउँथ्यो,’ अहिले आफन्तको शरणमा रहेकी शोभादेवीले आफ्नो पीडा सुनाइन्, ‘डाइन (बोक्सी) भएको भन्दै धेरैपटक कुटपिट गरियो, दिसा-पिसाब नै खुवाउन थालेपछि भने घर छाड्न बाध्य भएँ ।’ श्रीमान्को मृत्युपछि उनीमाथि बोक्सीको आरोप लाग्न सुरु भएको हो ।

तराईमा बोक्सीको आरोपमा महिलालाई कुटपिट गर्दै मानव मलमूत्र खुवाउने प्रवृत्ति एउटा सामाजिक समस्या नै बनेको छ । महिलामाथि हुने घरायसी हिंसा होस् वा बोक्सीको आरोपमा गरिने सामाजिक दुर्व्यवहार, यस्ता हिंसाबाट पीडितले बिरलै मात्र न्याय पाएका छन् । अधिकांश हिंसाका घटना दबाबमा लुकाइने र सार्वजनिक भएकामा पनि सहमतिमा ‘मिलाउने’ परिपाटीका कारण दोषीले उन्मुक्ति पाउँदै आएका छन् । कतिपय अवस्थामा प्रहरीमा दर्ता भएका उजुरीसमेत सहमतिमा मिल्ने र हिंसामा संलग्नहरू उम्किने गरेको पाइएको छ ।

तराईमा पारिवारिक तथा सामाजिक दबाबका कारण महिलामाथि हुने अधिकांश हिंसाका घटना गुपचुप नै रहने गरेको महिला अधिकारका क्षेत्रमा कार्यरत सङ्घ/संस्थाका पदाधिकारीहरूको पनि अनुभव छ । स्थानीय अधिकारवादी जयराम कुर्मी पारिवारिक दबाबका कारण महिला आफूमाथि हुने अधिकांश हिंसाविरुद्ध बोल्न नसकेको बताउँछन् । न्यायका लागि कुनै निकायमा उजुरी गरे परिवारबाट थप हिंसा सहनुपर्ने बाध्यताले पनि महिलालाई हिंसा सहन बाध्य बनाएको छ- अधिकारकर्मी कुर्मीको बुझाइ छ ।

सार्वजनिक भएका हिंसाका घटना सहमतिमा मिलाइएपछि घटना सार्वजनिक गरेको निहुँमा पुनः पीडितमाथि हिंसा हुने गरेको पनि अधिकारकर्मीहरूले बताएका छन् । जिल्ला प्रहरी कार्यालय धनुषामा पनि पहिले मिलेर गएका घटनाका पीडितहरू पुनः आफूमाथि हिंसा सुरु भएको भन्दै न्यायका लागि आउने गरेका छन् । धनुषामा मात्र यो वर्षको पछिल्लो तीन महिनामा सयभन्दा बढी हिंसाविरुद्धका घटना सार्वजनिक भएका छन् । जिल्ला प्रहरी कार्यालय धनुषामा घरेलु हिंसाका ५८ तथा महिलामाथि हुने अन्य हिंसासम्बन्धी २१ वटा मुद्दा दर्ता भएका छन् ।

तराईमा महिलामाथि हुने हिंसाको अर्को प्रमुख कारण दाइजो प्रथा हो । राज्यले दाइजो लेनदेनमा कानुनी रूपमै प्रतिबन्ध लगाए पनि कार्यान्वयन भएको छैन । कानुनको प्रभावकारी कार्यान्वयनको अभावमा यो समस्या दिनहुँ चर्किंदै

गएको छ । अधिकांश हिंसाका घटना कम दाइजो ल्याएकै कारण भएको हिंसाविरुद्धको अभियानमा कार्यरत सङ्घ/संस्थाका प्रतिवेदनमा उल्लेख भएको पाइन्छ ।

जनकपुरकी सरिता यादव आफ्ना माइतीले भनेजति दाइजो दिन नसक्दा दुई सन्तान जन्माइसकेपछि पनि माइतमै बस्न बाध्य भएकी छिन् । श्रीमान् र देवरले पाँच लाख भारु नल्याएसम्म घरमा बस्न नदिने धम्की दिँदै निकालिदिएपछि उनी माइतीको शरणमा आइपुगेकी हुन् । छिमेकी मुलुक भारतमा विवाह भएकी उनले न्याय पाउन सकेकी छैनन् । जति धेरै दाइजो भित्र्याउन सक्यो उति नै सामाजिक प्रतिष्ठा बढी भएको मान्ने संस्कारका कारण दाइजो प्रथा अन्त्य हुन नसकेको हो । कम दाइजो ल्याउने महिला हिंसाको सिकार हुनुपरेको बताउँछन् स्थानीय पत्रकार वृजकिशोर यादव । 'दाइजोका कारण हुने हिंसा अन्त्यका लागि कानुनको प्रभावकारी कार्यान्वयनले मात्र पुग्दैन । सामाजिक रूपमा चेतना पनि उत्तिकै आवश्यक छ,' पत्रकार यादवको भनाइ छ ।

कम दाइजो ल्याएको निहुँमा कुटपिट गरी घरबाट निकाल्ने घटना त सामान्यजस्तै भएका छन् । कति महिलाको हत्यासमेत हुने गरेको छ । दाइजोकै लागि बहुविवाहका घटना पनि भएका छन् । धनुषामा मात्र तीन महिनामा १२ वटा बहुविवाहका घटना दर्ता भएको जिल्ला प्रहरी कार्यालय धनुषा महिला सेल प्रमुख शुभद्रा आलेले जानकारी दिइन् ।

सरकारी तथा गैरसरकारी निकायले महिला हिंसा अन्त्यका लागि बेलाबेलामा अभियान नै सञ्चालन नगरेका पनि होइनन् । भर्खरै मात्र महिला हिंसाविरुद्धको १६ दिने अभियान सकिएको छ । अभियानका क्रममा देशका कार्यकारी प्रमुखको रूपमा रहेका प्रधानमन्त्रीले नै हिंसा अन्त्यका लागि प्रतिबद्धता पनि जनाउँदै आएका छन् । तर, रुढीवादी परम्परा र सामाजिक संरचनाका कारण महिला हिंसाविरुद्धको अभियानमा सङ्घर्ष गर्नु एउटा चुनौतीपूर्ण काम बनेको अभियानकर्ताहरूको भनाइ छ ।

महिला हिंसा अन्त्यका लागि राज्यले तय गरेको कानुनी व्यवस्था कार्यान्वयनको अभावमा समस्या समाधानमा सकारात्मक प्रभाव देखिएको छैन । यसका लागि प्रतिबद्धता र विद्यमान कानुनी प्रावधान मात्र पर्याप्त नभएकाले समयअनुकूल संशोधन र प्रभावकारी कार्यान्वयन अति आवश्यक भएको महिला अधिकारकर्मी रमा सिलवालको भनाइ छ । चेतनामूलक कार्यक्रमको पहुँचलाई सहर र सुविधासम्पन्न क्षेत्रमा मात्र सीमित नराखी स्वयम् महिला र पुरुषलाई समेत हिंसाविरुद्ध जागरुक तुल्याउन सकेमात्र महिलामाथिको हिंसामा कमी आउन सक्ने देखिन्छ ।

*साभार : संचारिका फिचर सेवा*

*(न्यौपाने टीटीभीमा समाचारवाचकको रूपमा कार्यरत छिन्)*

# श्रमजीवी महिलाका जिम्मामा परिवार

**उपत्यकाका तीन जिल्लामा झन्डै २० हजार महिला आफ्नो कमाइले परिवार धान्दै आएका छन् । भृकुटीमण्डप, बानेश्वर, कोटेश्वर, कालिमाटी, बसपार्क, चाबहिलजस्ता भीडभाड हुने स्थानमा महिला नाङ्ले पसल राख्छन् ।**

**✍ सुरेन्द्र सुवेदी**

भृकुटीमण्डपमा १७ वर्षदेखि नाङ्लो र फलफूल पसल चलाउँदै आएकी लक्ष्मी बञ्जाराले तीन बच्चालाई लालनपालनदेखि पठनपाठन गराउँदै आएकी छिन् । १२ वर्षअघि

काभ्रेपलाञ्चोकको अनेकोटका राजन सापकोटासँग वैवाहिकबन्धनमा बाँधिएकी लक्ष्मी तीन वर्षदेखि सापकोटाबाट टाढा छिन् । सापकोटा जग्गा कारोबारका नाममा उपत्यकाबाहिर गएपछि लक्ष्मीले ११ वर्षकी रेजिना, १० वर्षका राजीव र दुई वर्षकी रोश्नालाई लालनपालनदेखि पठनपाठनको व्यवस्था गरिरहेकी छिन् ।

गोरखा माइती भएकी लक्ष्मीका श्रीमान्ले आर्थिक रूपमा सहयोग नगरेपछि उनले नै सुरु गरेको फलफूल पसलको आयले सापकोटाको भर नपरी गुजारा गर्नुपरेको हो । लक्ष्मी बिहान उठेर कालिमाटीको फलफूल तथा तरकारी बजार पुग्छिन् । त्यहाँबाट उखु, केरा, स्याउ, अनार, भुइँकटहर, खरबुजा, मेवासमेतका फलफूल लिएर भृकुटीमण्डप आउँछिन् । फलफूल थन्क्याएर नानीहरूलाई खाजा, खाना खुवाउँछिन् र सुरु हुन्छ उनको व्यापारिक काम । उनको व्यापारिक काम सुरुसँगै बालबच्चा रामशाहपथको पद्मोदय विद्यालय जान्छन् । समाजकल्याण परिषद्को स्वामित्वमा रहेको जग्गामा अस्थायी घुम्ती बनाएर उनले पसल थालेकी हुन् । पसलमा मर्निङवाकदेखि कार्यालय समय र इभिनिङवाकसम्म आउने ग्राहकलाई चियादेखि फलफूलसम्म खुवाउँछिन् । यसरी बिहानदेखि साँझसम्मको व्यापार करिब पाँच हजार रुपैयाँको हाराहारीमा हुन्छ । त्यो व्यापारबाट आएको मुनाफा नै उनका लागि आफू र बालबच्चा पाल्ने/पढ्ने एकमात्र स्रोत हो ।

लक्ष्मीको यो काममा उनका बुबा र आमाले साथ दिन्छन् । बिहान, बेलुका र बिदाका दिन भने छोराछोरीले पनि काम सघाउने गरेको लक्ष्मीले बताइन् । ‘श्रीमान् श्रीमान् जग्गा कारोबार गर्छु भन्दै पोखरातिर लागेपछि यी तीन बालबच्चाको जिम्मा मेरै भएको छ,’ लक्ष्मीले भनिन्, ‘श्रीमान्को भर छैन, आफ्नै बुताले घर चलाएकी छु ।’

संखुवासभाको खाँदबारी- ११ स्थायी घर भएकी बालकुमारी कार्की १२ वर्षदेखि काठमाडौं बस्दै आएकी छन् । उनका पति खड्गबहादुरदेखि दुई छोरी र छोरालाई पाल्ने जिम्मा बालकुमारीकै भएको छ । श्रीमान्ले कुनै काम नगरेपछि ४२ वर्षीया बालकुमारीले कडा परिश्रमले कमाएको रकमबाट पाँचजनाको परिवार पाल्नु परिरहेको हो । उनकी छोरी सपना उमावि पढ्छिन् । छोरा बादल कक्षा नौ र झरना कक्षा सातमा पढ्दै छन् । रामशाहपथको पद्मोदय उमाविमा छोराछोरीलाई पढाउन, खाना, कोठाभाडासमेत बालकुमारीको मासिक खर्च २० हजार रुपैयाँ छ । उक्त रकम बालकुमारी फुटपाथमा फलफूल बिक्री गरेर कमाउने गर्छिन् । रामशाहपथ, राष्ट्रिय सभागृह, भृकुटीमण्डप, भद्रकाली परिसरमा नाङ्ले पसल राखेर उनले काँक्रा, खरबुजा, नासपाती, मेवालगायतका मौसमी फलफूल बिक्री गर्दै आएकी छिन् ।

नाङ्ले पसलबाट उनी दैनिक ५/७ सय रुपैयाँ मुनाफा गर्छिन् । यही मुनाफाले उनी परिवार पाल्न सक्षम भएकी हुन् । नाङ्ले पसल र त्यो पनि फुटपाथमा भएकोले काठमाडौं महानगरपालिकालाई छल्नुपर्ने बाध्यता पनि छ । नगरपालिकाका सुरक्षाकर्मी आए भने फुटपाथका पसल उठाएर लाने गर्छन् । उनीहरूबाट सामान बचाउन दैनिक मानसिक रूपमा तयार भएर बस्नुपर्ने बालकुमारी बताउँछिन् ।

हिउँदको समयमा फलफूल गर्मी याममा जस्तो बिक्री हुँदैन । हिउँदको कमाइले परिवार पाल्न कठिन हुन्छ । वर्षाको समयमा कमाएको रकमलाई जोहो गरेर राख्न नसके हिउँदमा त भोकभोकै पर्ने बालकुमारी बताउँछिन् ।

दोलखा स्थायी घर भएकी जानुकादेवी खत्रीको जिम्मामा ६ जनाको परिवार छ । श्रीमान्की बहिनी, छोरी र तीन नाति-नातिनालाई पाल्ने, पढाउने जिम्मा जानुकाको हो । श्रीमान्को मृत्युपछि जानुकामा यो भार आइलागेको हो । उनको कमाउने आधार भनेको भद्रकालीको आकाशेपुलसँगै भृकुटीमण्डप प्रवेशद्वारमा राखिएको अस्थायी पसल भएको छ । मासिक एक हजार रुपैयाँ समाजकल्याण परिषद्लाई भाडा तिरेर राखेको उक्त पसल नै उनको गुजारा चलाउने माध्यम हो । खरबुजादेखि काँक्रासम्म बिक्री गर्न बसेकी उनी दैनिक एक हजार रुपैयाँको हाराहारीमा कमाउन नसके केटाकेटी भोकभोकै पर्ने बताउँछिन् । छोराछोरी पढ्न विद्यालय जान्छन् । विद्यालय बिदा हुँदा उनीहरूले पनि पसल चलाउन सघाउने गर्छन् । २० वर्षदेखि काठमाडौं बस्दै आएकी जानुकादेवीलाई पनि हिउँद याममा समस्या पर्दै आएको छ । हिउँदमा फलफूल बिक्री थोरै हुने गर्छ । यसले नाफा पनि कम नै हुन्छ । नाफा कम भएपछि परिवार पाल्न गाह्रो हुने नै भयो । पैतृक सम्पत्ति नभएपछि दिनदिनै कमाउने र खाने समस्या उनीहरूको छ ।

५५ वसन्त पार गरेकी जानुकादेवी भन्छिन्, 'बन्द, हड्ताल र पानी परेका दिन सामान बिक्री नहुँदा गाह्रो हुन्छ ।'

यस्तै मोरङ केराबारी- ७ की जानुका बस्नेतका श्रीमान् वैदेशिक रोजगारको सिलसिलामा मलेसिया पुगेका छन् । श्रीमान् बिदेसिएपछि जानुका आफ्नै बुताले छोरा सौगात र बहिनीलाई पढाउनेदेखिका सबै खर्च जुटाउन सफल भएकी छिन् । विदेशमा बसे पनि श्रीमान्को खासै कमाइ छैन, आफ्नै कमाइले वर्षमा २० देखि ३० हजार रुपैयाँ बचत गर्दै आएकी छिन् ।

विगतमा परिवारले राम्रो नगर्ने भोजपुरकी ताराका अनुसार अहिले कमाउन थालेपछि दाजु, दिदी र आमाबुबाले राम्रो व्यवहार गर्न थालेका छन् । यहाँसम्म कि कहिलेकाहीँ त पैसा सापट पनि माग्न थालेको उनले बताइन् । उनले दैनिक आय गर्न थालेपछि परिवारले विगतमा गर्ने हेयको व्यवहार पूरै हटेको छ । भन्छिन्, 'पहिले भेट्दा नबोल्ने परिवारका सदस्य अहिले दिनदिनै फोन गरेर सन्चो/बिसन्चो सोध्ने गर्छन् ।' ताराको जस्तो अनुभव अन्य श्रमजीवी महिलाले पनि संगालेका छन् । यो कुराले महिलामाथिको हिंसा न्यूनीकरणका र महिला सशक्त हुनका लागि आर्थिक रूपमा दह्रो हुनुपर्ने सङ्केत गर्छ ।

काठमाडौं महानगरपालिकाका एक अधिकारीका अनुसार उपत्यकाका तीन जिल्लामा झन्डै २० हजार महिला आफ्नो कमाइले परिवार धान्दै आएका छन् । भृकुटीमण्डप, बानेश्वर, कोटेश्वर, कालिमाटी, बसपार्क, चाबहिलजस्ता भीडभाड हुने स्थानमा महिला नाङ्ले पसल राख्छन् । ती स्थान फुटपाथ हुन् । फुटपाथलाई महानगरपालिकाले खाली गराउन दैनिक गस्ती गर्छ । र, गस्तीका क्रममा फुटपाथमा राखिएका पसल हटाउने गर्छ । महानगरपालिकाका अनुसार स्वरोजगार बन्ने जो-कोहीलाई व्यवस्थित गर्न स्थानको अभाव छ । स्थानको अभावकै कारण त्यस्ता साना पसलेलाई व्यवस्थित गरेर राख्न सकिएको छैन । यसको विकल्प सरकारले खोज्नुपर्ने कर्मचारीहरू बताउँछन् । राम्रो विकल्प भएमा सरकारलाई आय पनि हुने उनीहरूको भनाइ छ ।

'घरले नहेरे माइत जानू, माइतीले पनि नहेरे मुग्लान पस्नू' यो नेपाली महिलामा लागू हुने पुरानो उखान हो । यी महिला श्रमबाट टाढा गएका भए मुग्लान नै पस्नुपर्ने हुन्थ्यो । सानो व्यवसाय गरेर परिवार पाल्ने बाटो बनाएकाले बिदेसिनु नपरेको अर्थशास्त्रमा दखल राख्ने पाँचथरका सुन्दर सुवेदीको भनाइ छ । सुवेदीका अनुसार, उपत्यकामा श्रम गरेर परिवार पाल्ने महिलाले मासिक झण्डै दुई करोड रुपैयाँ कमाउने गरेका (सबैलाई समेट्दा) छन् र त्यसले राष्ट्रलाई बेरोजगारको समस्याबाट मुक्त गर्न केही टेवा पुऱ्याएको छ ।

*साभार : संचारिका फिचर सेवा*

*(सुरेन्द्र हिमालय टाइम्स दैनिकसँग सम्बद्ध पत्रकार हुन्)*

# हिंसाका यी रुप : सशक्र हुन आवश्यक

**काठमाडौंमा रेडियोसम्बन्धी तालिम लिन आएका बेला अरू केटासाथीसाग बोलेको भन्दै उनकै प्रेमीले यौनसम्बन्ध राखिएको त्यो भिडियो तस्बिर मोबाइल र कम्प्युटरबाट सार्वजनिक गरेका रहेछन् । मोबाइलको जमानामा अहिले महिलामाथिको हिंसाको यो रूपले निकै प्रश्रय पाइरहेको छ । प्रेमका नाममा राखिएका सम्बन्धहरू रेकर्ड गर्ने 'प्रेमी'को आपराधिक मानसिकताप्रति महिलाहरू भने सचेत भएको पाइदैन ।**

**✍ निर्जला कक्षपति**

केही महिना पहिले सिराहाको एक सामुदायिक रेडियोमा कार्यरत महिलासँग यौनसम्बन्ध राखेको भिडियो दृश्य उनकै प्रेमीले सार्वजनिक गरे। मोबाइलमा खिचिएको त्यो तस्बिर सिराहाका धेरैजसो सञ्चारकर्मीको मोबाइलमा देख्न सकिन्थ्यो। सिराहामा मात्र सीमित नभएर त्यो तस्बिर राजधानीमा काम गर्ने केही सञ्चारकर्मीको मोबाइलसम्म आइपुग्यो। एकले अर्कालाई गर्दै एसएमएस गरिएपछि त्यो घटना यति चर्चित भयो कि सबैले भन्न थाले, 'हेर केटीले कस्तो गति छाडेको।' तर, त्यो मोबाइलको दृश्य हेरेर त्यसरी गति छोडाउने पुरुष को रहेछ र कस्तो बद्मास लोग्नेमानिस रहेछ ? भनेर कसैले भनेनन्। सबैले आरोप महिलालाई नै लगाए। कुरा बुझ्दै जाँदा जो व्यक्तिले ती महिलासँग यौनसम्बन्ध राखेको थियो, ऊ नै उसको 'प्रेमी' रहेछ। दुवैजना सिराहाको एक सामुदायिक रेडियोमा कार्यरत थिए। काठमाडौंमा रेडियोसम्बन्धी तालिम लिन आएका बेला अरू केटासाथीसँग बोलेको भन्दै उनकै प्रेमीले यौनसम्बन्ध राखिएको त्यो भिडियो तस्बिर मोबाइल र कम्प्युटरबाट सार्वजनिक गरेका रहेछन्। प्रेमको नाटक गर्दै सर्वस्वहरण गरिसकेपछि प्रेमिकाको चरित्रमाथि प्रश्न उठाउँदै आफू संलग्न यौनसम्बन्धका बेला नाङ्गो तस्बिर खिचेर एसएमएस गर्दै हिँड्ने प्रेमीलाई के भन्ने ? मोबाइलको जमानामा अहिले महिलामाथिको हिंसाको यो रूपले निकै प्रश्रय पाइरहेको छ। प्रेमका नाममा राखिएका सम्बन्धहरू रेकर्ड गर्ने 'प्रेमी'को आपराधिक मानसिकताप्रति महिलाहरू भने सचेत भएको पाइँदैन।

केही समयअगाडिसम्म हिंसा भन्नेबित्तिकै गाली-गलौज र कुटपिटलाई लिने गरिन्थ्यो। तर, हिजोआज हिंसाका रूपहरू फेरिएका छन्, तौर-तरिकाहरू बदलिएका छन्। जुन कुराबाट महिलाले शारीरिक रूपमा मात्र नभई मानसिक रूपमा पनि यातना भोग्नु परिरहेको छ। विशेषगरी सहरी इलाकामा मध्यम र उच्च घरानिया परिवारमा हुने गरेका हिंसाका घटना त्यति धेरै बाहिर आउन सकेका छैनन्। बाहिर आएका धेरै घटनाका प्रकृतिलाई हेर्दा निम्नवर्गीय परिवारका बढी छन्। उजुरी हेर्दा धेरैजसोको लोग्नेले कुटपिट गरेपछि आफ्नो बचावटका लागि प्रहरीसमक्ष उजुरी दर्ता गर्न गएका देखिन्छन्। ती दर्ता भएका मुद्दाहरूमध्ये धेरै घरेलु हिंसासँग सम्बन्धित छन्। कतिचाहिँ घरभित्रको कुरा भनेर आफूमाथि जति दुर्व्यवहार भए पनि बाहिर ल्याउन चाहँदैनन्। नेपाल प्रहरीको महिला सेलमा एक वर्षको अवधिमा ११ सयवटा उजुरी परेका छन्। जनसङ्ख्या र बढ्दो हिंसाको आधारमा भन्नुपर्दा यो त्यति ठूलो संख्या होइन। अझ राष्ट्रिय मानव अधिकार आयोगमा त एक वर्षको अवधिमै जम्मा २९ वटा मात्र उजुरी दर्ता भएका छन्।

महिलामाथि हुने हिंसा नेपालमा मात्र नभई विश्वभर छ। तर, यसको रूप भने फरक-फरक हुन सक्छ। नेपालको कुरा गर्दा, महिला हिंसा भन्नेबित्तिकै घरेलु हिंसा नै प्रमुख समस्याको रूपमा आउँछ। दाइजो प्रशस्त नल्याएको आरोपमा होस् या त छोरो नपाएको आरोपमा हजारौँ नेपाली महिला हिंसाबाट पीडित छन्। तराईको कुरा गर्ने हो भने केही समय पहिलेसम्म एउटा डाक्टरसँग विवाह गरिदिनका लागि केटा पक्षले दुई लाख दाइजो माग्थ्यो भने अहिले आएर २० लाख माग्न थालेका छन्। समयको परिवर्तनसँगै तराईमा दाइजो उन्मूलन होला भन्ने ठानिएकोमा झन्झन् बढ्दै गएको छ।

हाम्रो सामाजिक संरचनाअनुसार, घर-परिवारमा पुरुष बढी शक्तिशाली हुने गरेका छन्। कमाउने होस् या नकमाउने, शिक्षित होस् या अशिक्षित प्रायः सबै पुरुषले घरमा हैकम जमाउने गरेका हुन्छन्। कामकाजी श्रीमती र बेरोजगार पति भएको घरमा झनै हिंसा हुने पाइएको छ। महिलालाई सम्मान र इज्जत नदिने परम्पराले गर्दा हिंसाका घटना बारम्बार दोहोरिने गरेका हुन्। समाजमा महिलालाई हेर्ने दृष्टिकोण तथा पुरुष र महिलाबीचको असमानताले महिला बढी हिंसापीडित हुने गरेका छन्। शिक्षित महिलामा मानसिक हिंसा बढी हुने गरेको छ। बलात्कार तथा वैवाहिक बलात्कारबाट पनि महिला त्यत्तिकै पीडित हुने गरेका छन्।

सन् २००८ को तथ्याङ्कअनुसार, हरेक वर्ष ६ लाख केटी स्कुल जाँदा बाटोमै यौन दुर्व्यवहारको चपेटामा पर्ने गरेका छन्। यस्तै, हरेक वर्ष ५३ लाख महिला दुर्व्यवहारबाट पीडित हुन्छन् र तीमध्ये वर्षको १२ सय ३२ महिला उनीहरूका आफन्तबाटै मारिन्छन्। ती आफन्त भनेका श्रीमान् र 'ब्वाइफ्रेन्ड' हुन्। यो तथ्याङ्क यूएसएडका विभिन्न अध्ययनले देखाएको हो। जब एउटा पुरुषले आफ्नो धैर्य गुमाउँछ या उसलाई रिस उठ्छ, उसको पहिलो निशाना उसकी

स्वास्नी या प्रेमिका हुन्छे। घरमा पुरुष नै मुख्य व्यक्ति मानिने भएकाले महिलालाई जे गरे पनि हुन्छ भन्ने मान्यता पनि त्यत्तिकै छ। सन् २००५ को एउटा विवरणअनुसार इङ्ग्ल्यान्ड र वेल्समा पनि सरदर हप्ताको दुईजना महिला आफ्ना हिंस्रक पति या 'पार्टनर'बाट मारिने गरेका थिए। यसरी हेर्दा के भन्न सकिन्छ भने महिलामाथि हुने हिंसा नेपालमा मात्र नभई विश्वभर छ। तर, नेपालका धेरै हिंसाका घटना लुकेरै रहेका छन्।

हाम्रो समाजको कुरा गर्दा, महिलाभन्दा पुरुष बढी शक्तिशाली छन्। किनभने महिलाभन्दा पुरुष बढी साक्षर छन्। यसैगरी महिलाले भन्दा पुरुषले बढी कमाउँछन्, महिलालाई घर हेर्ने जिम्मेवारी दिइने हुँदा स्वाभाविक रूपमा परनिर्भर हुनुपर्छ। त्यसैले घरमा जसले कमाएर ल्याउँछ, छोराछोरीले पनि त्यसैअनुरूप आफ्ना अभिभावकलाई प्राथमिकतामा राख्ने गर्छन्। अधिकांश घरमा पुरुषले नै कमाइ गरी ल्याउने हुँदा महिलालाई भन्दा पुरुषलाई बढी इज्जत दिने गरिन्छ। त्यति मात्र नभई समाजमा महिलाको भन्दा पुरुषको बढी सुनुवाइ हुन्छ। महिलामाथि हुने हिंसा भनेको महिला र पुरुषबीचको असमान शक्तिको परिणाम हो। जबसम्म यो असमान शक्ति समान हुँदैन, तबसम्म यस्ताखाले हिंसाका घटना दोहोरिइरहन्छन्। त्यसैले महिला हिंसा हुन नदिन महिला स्वयम् आर्थिक रूपमा आत्मनिर्भर र मानसिक रूपमा सशक्त हुनु जरुरी छ।

*साभार : संचारिका फिचर सेवा*

*(निर्जला शिक्षा पत्रकार समूहमा आबद्ध पत्रकार हुन्)*

## फिचर लेखका लागि अनुरोध

सञ्चारिका समूहले लैङ्गिक हिंसाविरुद्धको अभियानअन्तर्गत फिचर सेवा प्रारम्भ गरेको छ । प्रत्येक महिना प्रकाशित हुने फिचर सेवामा महिलामाथि हुने गरेका विविध हिंसामा आधारित पाँचवटा फिचर लेख समावेश हुनेछन् । फिचर सेवाका लागि नौदेखि ११ सय शब्दसम्मको फिचर लेख पठाउनका लागि फिचर लेखकहरूमा अनुरोध गरिन्छ । प्रकाशित गर्न उपयुक्त ठानिएको फिचरका लागि पारिश्रमिकस्वरूप रु. ३,०००/- (तीन हजार) प्रदान गरिनेछ । प्राप्त फिचर प्रकाशित गर्ने वा नगर्ने अधिकार सञ्चारिका समूहमा निहित रहनेछ ।

यो फिचर सेवा मुलुकभरिबाट प्रकाशित हुने सबै पत्रपत्रिकालाई निःशुल्क उपलब्ध गराइनेछ । फिचर प्राप्त नभएको भए जानकारीका लागि समूहको केन्द्रीय कार्यालय काठमाडौंमा इमेल या टेलिफोनमार्फत खबर गरिदिनुहुन विभिन्न जिल्लास्थित पत्रपत्रिकाका सम्पादक तथा प्रकाशकज्यूहरूलाई अनुरोध गर्दछौं । यो फिचर सेवा एफएम स्टेसनहरूका लागि पनि उपयोगी हुने विश्वास हामीले लिएका छौं । फिचर उपयोग गर्न चाहने एफएम स्टेसनहरूलाई पनि सम्पर्कका लागि अनुरोध गर्दछौं । फिचर प्रकाशित/प्रसारित गर्दा 'साभार : सञ्चारिका समूह' भनी उल्लेख गरिदिनुहुन आग्रह गर्दछौं ।

**युएनएफपीएको सहयोगमा संचारिका समूहद्वारा प्रकाशित**

**सम्पर्क ठेगाना**
सञ्चारिका समूह, एकान्तकुना, भनिमण्डल, ललितपुर
पोष्ट बक्स नं : १३२९३, काठमाडौं
फोन नं : ५५५११८२, ५०००५१९
इमेल : sancharika@wlink.com.np
वेभ साइड : www.sancharika.org

**संयोजन/सम्पादन**
**बबिता बस्नेत**